# गैंडाकोट नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

गैंडाकोट, गण्डकी प्रदेश, नेपाल

प.सं.:०७६/०७७
च.नं.: ३४६

मिति :२०७६/०५/३१

## कृषि बजार तथा संकलन केन्द्र निर्माण सहयोग

(प्रथम पटक प्रकाशित मिति २०७६/५/३१

यस नगरकार्यपालिकाको कार्यालयको चालु आर्थिक बर्ष २०७६/२०७७ मा स्वीकृत शसर्त तर्फ संघीय सरकारबाट प्राप्त कृषि बजार तथा संकलन केन्द्र निर्माण कार्यमा सहयोग गर्ने कार्यक्रम रहेको हुदा इच्छुक कृषक समुह,कृषि सहकारी र बजार समितिहरु बाट प्रस्ताब पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र यस कार्यालयको कृषि विकास शाखामा प्राप्त हुने गरि आबश्यक कागजातहरु संलग्न राखी आबेदन पेश गर्नुहुन सरोकारवाला सवैमा आह्वान गरिन्छ ।

**संलग्न गर्नुपर्ने कागजपत्रहरु**

१.अनुसूची -२ बमोजिमको निबेदन १ प्रति ।
२. अनुसूची -३ बमोजिमको प्रस्ताब १ प्रति ।
३. समुह/बजार समिति/सहकारी सस्थाको निर्णय प्रतिलिपि १ प्रति ।
४.तोकियाको सम्पर्क व्यक्ति/सदस्यको नागरिकताको प्रतिलिपि १ प्रति ।
५.सहकारी संस्थाको हकमा दर्ता नबिकरण प्रमाणप्रत्रको प्रतिलिपि १ प्रति र उक्त संस्था गत आ.ब. वा सो भन्दा पहिले दर्ता भएको हुनु पर्ने छ ।
७.निजि कम्पनि/फर्म र सहकारीको हकमा लेखा परिक्षण प्रतिबेदन,कर चुक्ता प्रमाण पत्र,भ्याट/प्यान दर्ता । प्रमाण पत्रको प्रतिलिपि १/१ प्रति
८. जमिनको स्वामित्व संस्थाको नाममा रहेको लालपुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिएको भए कम्तिमा २० बर्षको जग्गाको करार नाम पत्र सहित लाल पुर्जाको प्रतिलिपि हुनु पर्नेछ । सरकारी जग्गा प्राप्त गर्ने भएमा जग्गा प्रदान गर्ने निकायले जग्गा उपलब्ध गराएको पत्र ।
९. पूर्ण इन्जिनियरिङ डिजाइन सहितको नक्सा, स्थानीय तहको मापदण्ड अनुसार स्वीकृत नक्सा पेश गर्नु पर्नेछ यो डिजाइन नक्सा तथा इस्टिमेट प्रस्ताष स्वीकृत भएमा मात्र पेश गर्नु पर्ने छ ।

थप जानकारीको लागि
गैडाकोट नगरकार्यपालिकाको कार्यालय
कृषि विकास शाखा
फोन : ०७८-५०११९०
वेभसाईडः www.gaindakotmun.gov.np
नोटः प्रस्ताव सम्बन्धि कागजात यस नगरपालिकाको वेभसाईड मा उपलब्ध हुनेछ ।



कृषि अधिकृत
कृषि विकास शाखा गैडाकोट नगरपालिका

२०७६।५।३१
रामप्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत